# थारू जातिको परम्परागत संस्था बरघर प्रणाली

डा. कृष्णराज सर्वहारी

**लेख सार**

*नेपालका पश्चिमका  प्रत्येक थारू गाउँमा सबैले मान्ने एक अगुवाको व्यवस्था हुने गरेको छ । हरेक वर्षको माघमा गाउँको अगुवा बरघर चुनिन्छ, जसलाई स्थानअनुसार फरक फरक नामले चिनिन्छ । गाउँघरमा झैँझगडाको छिनोफानो, बाटोघाटो, कुलो बाँध निमार्ण, पूजा, बिहे भोजका लागि स्वयंसेवक खटाउने, समुदायमा देखिएका जस्तोसुकै समस्याको निकास दिने जिम्मेवारी बरघरको काँधमा रहन्छ । थारू जातिमा प्रथाजनित न्यायिक परम्परागत अभ्यासलाई बरघर प्रणालीमार्फत् जीवन्त राखेको देखिन्छ । महाभारतकालमै बरघरको प्रसङ्ग आउनाले यसको इतिहास निकै पुरानो देखिन्छ । पश्चिम नेपालमा अझै जीवन्त रहेको थारू समुदायको परम्परागत शासन व्यवस्था, थारू जातिको इतिहास, बरघर प्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहमा बरघर ऐन ल्याएर थारूहरूको परम्परागत संस्था बरघर प्रणालीलाई समावेशी र जीवन्त बनाउने प्रयास भएको पाईन्छ ।*

**शब्दकुञ्जी**

बरघर, चौकीदार, बटैया, लिखनडार, अगह्वा, गुरुवा, केसौका, चिरक्या, बेगारी, झराली, ककनदार, महटाँवा ।

## १. परिचय

विसं २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालमा थारू जातिको जनसङ्ख्या १८ लाख ७ हजार १२४ (६.१९ प्रतिशत) रहेको छ । थारू जातिको परम्परागत शासन बरघर प्रणाली खासगरी लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा अझै विद्यमान छ । लुम्बिनी प्रदेशमा ७ लाख ३२ हजार ६९ (१४.२९ प्रतिशत) तथा सुदूरपश्चिम प्रदेशमा ३ लाख ९७ हजार ८२२ (१४.७६ प्रतिशत) जनसङ्ख्या थारू समुदायको रहेको छ । थारूहरूको उद्‌गम थलो दाङलाई मानिन्छ । लुम्बिनी प्रदेशअन्तर्गत नवलपरासी (पश्चिम), कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया तथा सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा बरघर प्रणाली हालपनि अभ्यासमा रहेको छ । बरघरलाई सम्बोधन गरिने शब्द ठाउँ विशेषअनुसार फरक फरक भएता पनि बरघर शब्द नै बढी प्रचलनमा रहेको पाईन्छ । थारू जातिको परम्परागत सङ्गठन बरघर प्रणालीले न्याय, सिँचाइ व्यवस्थापन, पूजाआजा आदिमा महत्त्वपूर्ण भूमिका निभाउने गर्दछ । प्रत्येक माघको पहिलो सातामै चयन भइसक्ने थारू गाउँको अगुवा अर्थात "बरघर" छनोट भेलामा गाउँका एक परिवारका एक जना सदस्यको उपस्थिति अनिवार्य हुन्छ । त्यसमा वर्षभरको कामको समीक्षा पनि हुने गर्छ । बरघरले यदि नराम्रो काम गरेमा उनलाई सचेत गराइन्छ । उ पुनः बरघर छनोट हुने या नहुने गाउँको विकास कार्यमा उसले निभाएको भूमिकामा निर्भर हुन्छ । बर्तमान समयमा पनि बरघरको सहकार्यमा स्थानीय जनप्रतिनिधिले विकासको गतिको रफ्तार बढाउने मात्रै

होइन, काम पारदर्शी हुने तथा गाउँमा अनुशासन कायम भई अमनचयन कायम हुने विश्वास थारू समुदायको रहेको पाईन्छ । बरघर प्रणाली अन्तर्गत रहेको चौकीदारमार्फत् समयमा सूचना प्रवाह भई जनतालाई सुसूचित गरिन्छ । बि.सं.२००७ सालको क्रान्तिपछि प्रशासनिक कामबाट थारू समुदायका अगुवा बरघरहरू बिस्तारै विमुख हुँदै गएको छ । थारू समुदायमा बरघर प्रणालीको प्रचलन र अभ्यास अपरिहार्य रहेको भएता पनि हाल यस्को अभ्यास खिँइदै गएको छ । थारू समुदायमा पनि अन्य धर्ममान्नेको संख्या बढ्दै जाँदा बरघरमार्फत् हुने परम्परागत पूजाआजामा समेत हाल समस्या देखिन थालेको छ । त्यस्तै गरी बर्तमाान समयमा कुलोको निमार्ण तथा व्यवस्थापनको जिम्मा ठेक्कामार्फत् दिने प्रचलन बढ्दै गएकोले बरघरको निरन्तरतामाा समस्या देखिएको छ । कमैयाहरूको मुक्तिपश्चात थिारूहरूकत्त परम्परागत अभ्यास रहेकत्त गाउँभन्दा पछि बनेका नयाँ गाउँघरमा बरघरको जिम्मेवारी लिने महिलाहरू संख्या बढ्दै गएको देखिन्छ । हाल बरघरलाई व्यवस्थित गर्न विभिन्न स्थानीय तहहरूले बरघर ऐन पारित गरिसकेका छन् तर हालसम्म कार्यविधि वा नियमावली नबन्दा ऐनको कार्यान्वयनमा भने समस्या देखिन्छ । त्यस्तै टोल उपभोक्ता समिति गठन नगरी बरघर सञ्जालले नै विकास निर्माणका कामको अगुवाइ गर्न पाउने व्यवस्था बरघर ऐनमा प्रष्ट रूपमा उल्लेख नहुनुले बरघरहरूको ऐनप्रति असन्तुष्टि भने यद्यपी कायम नै छ ।

## २. थारू जातिको चिनारी

थारू शब्दको व्युत्पत्ति र अर्थका सम्बन्धमा विभिन्न तर्कहरू रहेको पाईन्छ । थारू शब्दको उत्पत्ति कसैले संस्कृतको 'स्थास्नु' शब्दबाट, कसैले बुद्ध धर्मको एक शाखा स्थविरको 'स्थेर' शब्दबाट, कसैले 'स्थुर' शब्दबाट, कसैले थारूहरू 'थारो' (तला नपाटेको घर) मा बस्ने हुनाले 'थारो' शब्दबाट र कसैले रैथाने अर्थमा ठालु (ग्राम प्रमुख) शब्दबाट भएको भन्ने तर्क रहेको पाईन्छ (थारू, २०६९: २७) । मातृकाप्रसाद कोइराला (उद्. सिंह मौन, २०२५: १०-११) तथा ईश्वर बरालका अनुसार (२००४: ४३) थारू जाति राजस्थानको थारबाट आएकोले थारू भएको हो । यद्यपि, थार संज्ञा नै प्राचीन नरहेको देखिन्छ । उता जनकलाल शर्मा र कृष्ण वम मल्लकाअनुसार (२०१४: १९) शाक्य वंशीहरूमा स्थविरबादी सम्प्रदायका मानिसहरू 'स्थविर' कहलिन्थे र यसैको विकृत रूप थारू भएको हो । टेकनाथ गौतमका अनुसार (२०४४: १) थारू शब्द संस्कृतबाट आएको, संस्कृत व्याकरणमा 'थर्व' धातु पुलिङ्ग, एकवचनमा 'थर्वाण' स्त्री लिङ्गमा 'थर्वणी' प्रयोग हुने भएकाले थर्वावाट 'थारू' र थर्वणीबाट 'थरुनी' भएको हो । उता, धम्पदलाई थारू भाषामा अनुवाद गर्ने रामानन्दप्रसाद सिंहले थारू बुद्धका सन्तान् हुन् भनेका छन् (गुनरत्ने, सन् २००६: ५२) । त्यसो त, वैज्ञानिक अनुसन्धानअनुसार थारू जातिलाई मलेरियाबाट उन्मुक्त हुन कम्तीमा ३ हजार वर्षभन्दा बढी लागेको हुनाले बुद्ध जन्मिनु अगावै पनि थारू जातिको अस्तित्व रहेको देखिन्छ । अर्जुन गुनरत्नेका अनुसार (सन् २००६: ४३) राना, कठरिया, दंगौरा, चित्तौनिया र कोचिला गरी कम्तीमा पाँच समुदायमा विभाजित सबै थारू एउटै पुर्खाका सन्तान हुन् भन्ने कुनै पनि प्रमाण पाइएको छैन । ऋषि केशवराज रेग्मी (२०३५: ८१), धर्मराज थापा (२०५०: ७४), डब्ल्यू ब्रुक, नोर्दे, सी. जे. मारिस (सन् १९४४: १४०), एस. के. श्रीवास्तव (सन् १९५८: १०) लगायतले थारू जातिको उत्पत्ति मङ्गोल भएको मानेका छन् । प्रफूल्ल कुमार सिंह मौनका अनुसार (२०२५: २६) थारू मिश्रित जाति हो, जसमा एक साथ आर्य, मङ्गोल, द्रविड आदि रक्तहरूको सम्मिश्रण रहेको पाईन्छ । त्यस्तै महेश चौधरीले सखिया र कृष्णजन्माष्टमी गीतमा 'भई गइल ठार' भन्ने वाक्याशं पटक पटक दोहरिएकोमा ठारमा 'रू' प्रत्यय थपी विशेषण बनाउँदा 'थारू' अर्थात् रूक्नेवाला मान्छे भएको भनेका छन् (चौधरी २०६४: ८५-८६) । दत्तात्रेय शर्मा दाहालले

थारूको अर्थ गतिमान, चलिरहने, एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सराई गर्दै रहने बताएका छन् (२०६३ः ६) ।

थारू जातिको बसोबास तराई क्षेत्रको पूर्व झापादेखि पश्चिम कञ्चनपुर जिल्लासम्मै फैलिएर रहेको छ । 'दाङ' जिल्लालाई थारू जातिको उद्‌गम थलो मानिन्छ । दाङमा थारू समुदायको जनसङ्ख्या १ लाख ७८ हजार ३८१ (२६.४२ प्रतिशत) रहेको छ । दंगीशरण थारू राजाले राज्य गरेका हुनाले दंगी शब्दबाट अप्रभंश भई दाङ भएको भन्ने भनाई छ । यही दाङबाट विभिन्न जिल्लामा थारूहरू बसाइँ सरी गएको भन्ने भनाई छ ।[1] दाङको सुकौरामा दंगीशरण दरवारको भग्नावशेष अझै पनि छ (जिविस दाङ, २०७१ः ७) । मध्यपाषणकालीन युग अर्थात् अढाइ लाखदेखि पाँच लाख वर्ष पूर्वका ढुङ्गे हतियारहरू असङ्ख्य मात्रामा दाङदेउखुरी, बर्दियाको दानव ताल र नवलपरासीको कोडडाँगीमा भेटिनुले प्राचीन थारू बस्ती भएको  पुष्टि गर्छ । नेपालका थारूले भारतीय मूलका मानिसहरूलाई बाजी भन्नुले सम्भवतः यसको सम्बन्ध थरुहट क्षेत्रदेखि भारतको वृज्जी गणराज्यसँग देखिन्छ (चौधरी, २०६४ : ८७) । थारू जाति केवल महाभारत पर्वतदेखि दक्षिण तराईको उत्तरी घाँच र भित्री मधेसमा बसेको छ । यदि थारू जाति बाहिरबाट आएको जाति भए अन्यत्र नै स्वस्थ्यकर जलवायु भएको भूमि आवाद गर्ने थियो । यसबाट पनि थारू जाति यसै भूमिको आदिवासी भन्ने बुझिन्छ । तराईको कठिन वातावरणमा मलेरियासँग बाँच्न सक्ने प्रमुख जाति थारू तराईका बाघ, चितुवा, गोही, सर्प, हात्ती साथै जंगलका ह्रिंसक जनावरहरू थारूहरूका लागि साथीभाइ जस्ता रहेका थिए । तराईको घनघोर जङ्गल फँडानी गरी जग्गा गुल्जार गर्नेदेखि लिएर धानको खेती गर्ने जगपालक पनि थारूहरू नै हुन् ।

थारूहरू नेपालको पूर्वी क्षेत्र झापा, सुनसरी, मोरङमा पनि पश्चिमबाटै बसाइँ सराई गरेर आइ बसेका हुन् भन्ने विभिन्न तथ्य प्रमाणित (थारू, २०६९ः ४४) हुन्छ । थारू जातिलाई केहीले मंगोल भने पनि थारूहरू आफूहरूलाई मंगोल मान्न हीनतावोध गर्छज् । थारूहरूको उत्पत्तिबारे चर्चा गर्दा मंगोल र शाक्यवंशी मान्यतामा अन्वेषकहरूको धारणा बढी केन्द्रीत देखिन्छ (थारू, २०६९ः ४६) । पहिचानको आन्दोलन चलेको बेला उनीहरू आफूलाई प्रकृतिपूजका रूपमा चिनाउन थालेका छन् । दंगौरा, राना, कठरिया, चित्तौनिया र कोचिला गरी पाँच प्रकारका थारूहरू बढी गणना गरिए पनि देशौरी, नवलपुरिया, सप्तरिया, मोरंगिया गरी विभिन्न रूपमा थारूहरू आफूलाई पहिचान गराउने गरेका छन् ।

बि.सं.२००७ साल अगाडि तराईमा थारूहरू विना राज्यको कुनै पनि काम चल्दैनथ्यो । तर, बि.सं.२००७ सालपछि राज्यलाई थारूको आवश्यकता परेन । सात सालअघि स्थानीय धनी वर्गका थारूहरू राज्य र प्रजाबीच मध्यस्तकर्ता थिए, उनीहरू राज्यको कर उठाउने गर्थे । ससाना मुद्दा मामिला हेर्थे र विविध प्रशासनिक कामहरू गर्थे  । माथिको काम प्रगन्नाका चौधरीहरूले गर्ने गरेकोमा सात सालपछि कर प्रशासनमा कर्मचारीतन्त्रको प्रयोग हुन थालेपछि शक्तिको नजिक रहेका पहाडेहरूलाई फाइदा भयो तर यस व्यवस्थाले थारूहरूलाई पाखा लगायो (गुनरत्ने, सन् २००६ः ४४)  । पचाँसौं मौँजाका अगुवा चौधरी हाल एउटै गाउँको अगुवा बरघरमा सीमित भए ।

वि.सं.२००० साल सम्म हालको जस्तो बटैया जग्गा जोत्ने चलन नरहेको अधिकांश थारूहरू स्वयं जग्गाधनी थिए । तर, अपवादको रूपमा केही थारूहरूले मात्र तिरो तिरी जग्गा जोत्ने गरेका थिए । बि.सं.२०१९ सालमा विर्ता प्रथा उन्मुलन, भूमिसम्बन्धी ऐन, २०२१ ले जिमिदारी उन्मुलन गऱ्यो र नयाँ भूमिसुधार लागु भई जग्गाको

१ बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका प्रायः सबै थारू दाङदेउखुरीको कुनै न कुनै गाउँबाट बसाइँ सरी आएको बताउँछन् । कपिलबस्तु, रूपन्देही, नवलपरासी लगायत जिल्लामा पनि दंगौरा थारूहरू रहेका छन् । त्यसभन्दा पूर्वका थारूहरू पनि दाङ नै थारूको उद्‌गम थलो मान्ने गरेका छन् ।

हद कायम गर्‍यो । यसरी बि.सं.२०२० साल पछाडिको नयाँ प्रशासनिक संरचनामा थारूहरूको सामाजिक, राजनीतिक संरचना गौण भएको देखिन्छ । बि.स..२०३६ सालपछि थारूहरूको परम्परागत सङ्गठनर संस्कृति झन ह्रासोन्मुख अवस्थामा पुग्यो (दिवस र प्रधान, सं., २०६५: ४१) ।

थारू जाति नेपाली भूमिमा बसोबास गर्ने पुरानो जाति हुनका साथै नेपालको आदिवासी जाति हुनको साथै अन्य जातिभन्दा छुट्टै सांस्कृतिक पहिचान भएको परिश्रमी एवं महत्त्वपूर्ण नेपाली जातिको रुपमा चिनिन्छ । नेपालको संविधान (२०७२) ले आदिवासी जनजातिबाट थारूहरूको पृथक् पहिचानको रूपमा संवैधानिक मान्यता दिनुको साथै संवैधानिक थारू आयोगसमेत बनाई उनीहरूको पहिचानलाई विशेष मान्यता दिएको छ । त्यस्तै सर्वोच्च अदालतले लोकसेवा आयोगलाई थारूहरूको छुट्टै कोटा छुट्याउने व्यवस्था गर्न परमादेश जारी गरेको छ । तथापी उक्त परमादेश हालसम्म व्यवहारमा भने कार्यान्वयनमा भएको छैन । यस सम्बन्धमा थारूहरूको जातिय संस्था थारू कल्याणकारिणी सभाले अदालतमा पटक पटक रिट निवेदन दर्ता गरेको भएता पनि यसको हालसम्म प्रभावकारी नतिजा निस्केको अवस्था भने छैन ।

## ३. बरघर प्रणालीको महत्त्व

दुई वा दुईभन्दा बढी परिवार मिलेर समाज बन्छ । विकासको कालक्रममा जनसङ्ख्या वृद्धि हुँदै गएपछि कुटुम्बको आकारमा पनि वृद्धि हुँदै गयो । कर्मको आधारमा परिवारको मुली समुदाय अर्थात् कबिलाको मुली बन्यो, जो धार्मिक, प्रशासनिक, नैतिक, न्यायिक अधिकारयुक्त भयो । थारू समुदाय पनि कबिला संस्कृतिमा आधारित रहेको छ । संसारका प्राय:जसो आदिवासी जनजातिको आफ्नो समुदाय/समाज सञ्चालन गर्ने मौलिक परम्परा रहेको छ । यद्यपि, यी मौलिक परम्परा हराउँदै गएको छ । थारू समुदायमा घरायसी पारिवारिक, गाउँको सामूहिक तथा कुलापानी गरी कृषि कामका लागि फरक फरक जिम्मेवारी भएको सांगठनिक संरचना रहेको छ ।

पारिवारिकमा किसन्वा, किस्निन्या, कमैया, कमलहरी, बुक्रही, भैंसरवा, छेग्रहवा, भेंरहवा, गयरवा/बर्डिवा, लह्वेउना, बरहेरवा, पनहेरवा, भन्सरिया, उपरिया, लर्का खेलुइया आदि पर्छ ।[२] सामूहिकअन्तर्गत बरघर, सहायक बरघर, चौकीदार, चिरक्या, कोड्रिहवा तथा कुलापानीअन्तर्गत कुलापानी चौधरी, सहायक चौधरी, बरघर, सहायक बरघर, चौकिदार, किसान, झराली, नाँढ डरुइया/अघरिया, पनभरुवा आदि जिम्मेवारी दखिन्छ (दहित, २०६२: २५३-२५८) ।

खास गरी, प्रत्येक पश्चिमा थारू गाउँमा सबैले मान्ने एक अगुवाको व्यवस्था हुने गरेको छ । हरेक वर्षको माघमा गाउँको अगुवा चुनिन्छ, जसलाई स्थानअनुसार बरघर, महटाँवा, ककनदार, प्रधनवा, भलमन्सा भनिन्छ ।[३] कैलाली, कञ्चनपुरस्थित राना थारू समुदायमा बरघरलाई भलमन्सा तथा चौकीदारलाई "चाकर" भनिन्छ । अब भलमन्सा शब्द डंगौरा थारू समुदायमा पनि प्रचलित भएको छ । देउखुरी उपत्यकामा बरघरलाई ककनदार भनिन्छ भने दाङ उपत्यकामा महटाँवा ।[४] सुनसरी, मोरङ्गका थारू गाउँमा अगुवाको रूपमा मुखिया राख्ने चलन छ, जसलाई गछदार भनिन्छ (रेग्मी: २०३५) ।

२ २०५७ साउन २ बाट कमैया प्रथामा प्रतिवन्ध लागेपछि कमैया, कमलहरी, बुक्रही प्रथा हराएको छ ।

३ प्राय: गाउँमा माघमा गाउँको बरघर चुनिए पनि बाँकेको राप्तीसोनारी गाउँपालिकाको केही गाउँमा वैशाख, जेठमा बरघर चुनिने २०८१ मंसिर १२ मा त्यस पालिकाको वडा नं ५ थारू साहित्य संस्कृति प्रतिष्ठानबाट आयोजित बरघरहरूको भेलामा जानकारी पाइयो ।

४ प्राय: पालिकाले थारू गाउँका अगुवालाई बरघर भनेर मान्यता दिन थालेका छन् । तिनले वरघर प्रणालीलाई व्यस्थित गर्न 'बरघर ऐन' पारित गरेका छन् । त्यसैले, ककनदार, महटाँवा शब्द अब बिस्तारै ओझेल पर्ने देखिन्छ ।

पश्चिम नेपालका दाङ्गदेउखुरी, सुर्खेत, बाँके बर्दिया, कैलाली, कञ्चनपुर, कपिलबस्तु जिल्लाका थारू समुदायमा बरघर प्रणाली यथावत छ । रूपन्देही, नवलपरासी लगायत जिल्लामा आंशिक अभ्यास रहेको छ । गाउँघरमा झैँझगडाको छिनोफानो होस्, बाटोघाटो, कुलो बाँध बनाउनु पर्ने होस् अथवा पूजा, बिहे भोजका लागि स्वयंसेवक खटाउनु पर्ने होस्, जस्तोसुकै समस्याको निकास दिने जिम्मेवारी बरघरको काँधमा रहन्छ । गाउँघरका सबैलाई एक सूत्रमा बाँध्ने, सामाजिक, धार्मिक, सांस्कृतिक, न्यायिक कामको नेतृत्व बरघरले गर्ने गर्छ । नेपाल तथा भारतका थारू समुदायमा गाउँ सञ्चालन गर्ने प्रक्रियामा खासै भिन्नता देखिन्न (सर्वहारी, २०६८: १४३) ।[५]
गाउँघरमा कुनै तिहारमा नाचिने नाचको सुरुवात बरघरकै घरवाट सुरु गरेर सम्मान गर्ने चलन रहेको छ । थारू महाभारतको शिव फूलवारमा एक श्लोक छः

हरे कटहुँन गैलो री मोर गाँवकि गँवलिया र ककनदार

कहाँ वाट मोर डिउँटक ठान (थारू: २०६३) ।

यसरी परापूर्वकालमा महादेव पार्वतीको बिबाह भएर आर्शीवाद दिन जाँदा गाउँको देउथान र ककनदार (बरघर) लाई खोजेको प्रसङ्गले त्यसवेला समेत बरघरको महत्त्व झल्केको देखिन्छ । यसरी बरघरको इतिहास महाभारतकालमै जोडिएको देखिन्छ । बरघरबिनाको थारू गाउँको परिचालनको कल्पना गर्न सकिँदैन, बरघरविनाको गाउँ अविभावकविहीन हुन्छ । बिबाह तथा मृत्यु संस्कारमासमेत बरघरको उपस्थिति अनिवार्य रहन्छ । बिसौं वर्ष स्थानीय निकायको निर्वाचन नभएको अवस्थामा समेत बरघरहरूले थारू गाउँको नेतृत्व गर्ने र कुलोपानी सञ्चालन गर्ने गरेका थिए । त्यस्तै, थारू समुदाय सामूहिकतामा विश्वास राख्दछन् । उनीहरूमा भनाइ छ कि "एक लकरी बरि का, एक राम करि का" अर्थात् एउटा दाउरा के बल्ला, एउटा रामले के गर्ला ? यसरी खेतीपातीको काम होस् या माछा मार्ने लगायत काम होस, थारूसमुदायले सामूहिक रूपले नै त्यस्तो कार्य गर्ने गरेको पाईन्छ । जेष्ठ, असार पहिनामा हुने रोपाइँ होस् या मङ्सिरमा महिनाममा हुने धान काट्ने काम होस्, सहकर्मी मन मिल्ने समूह मिलेर काम गर्ने प्रचलन रहेको पाईन्छ । यस्तो समूहलाई थारू समाजमा समाजी भन्ने गरिन्छ (चौधरी, २०६२: ३६) । यस्तो समाजीले पालैपालो सँग एक अर्काको काममा सहयोग पुऱ्याउने गर्दछन् । यो पनि थारू समुदायमा रहेको सङ्गठन प्रणालीकै एक रूप हो ।

## ४. न्याय, सिँचाइप्रणाली तथा पूजाआजामा निरन्तरता

थारू समुदायमा परम्परागत रूपमा अभ्यास गदै आएको उनीहरूको रीतिथितिलाई हालसम्म पनि निरन्तरता दिदै अइरहेको पाईन्छ । बरघरहरूले विभिन्न चाडपर्वका अवसरमा सखिया, झुमरा, हुर्डुङ्वा, मघौटा लगायत नाचगानहरू समाजमा गराइरहेका छन् । त्यस्तै दशैँ, तिहार, हरेरी पूजालगायत अवसरहरूमा बरघरको आँगनमा गाउँलेहरू जम्माभई रातभर नाचगान गर्दछ । यस्तो नाचगान गाउँलेहरूले बरघरलाई सम्मान जनाउनका लागि गर्ने गरिन्छ । हाल बरघरको मुख्य तीन वटा काम रहेको पाईन्छ । जस्तै (१) ससानो झैझगडामा न्याय दिने, (२) सिँचाइ प्रणालीको व्यवस्थापन गर्ने र (३) पूजाआजामा निरन्तरता दिने । तर, यी सबै कामहरूमा हालका

---

५ भारत, विहारको पश्चिम चम्पारणमा थारू समुदायको ठूलो बस्ती रहेको छ । त्यहाँ बरघरलाई गुमस्ता भनिन्छ । नेपालका बरघरझैं त्यहाँका गुमस्ताले कुलोपानी, सिँचाई प्रणालीदेखि गाउँमा हुने पूजापाठको व्यवस्थापनसम्म हेर्छन् । यो पंक्तिकारले सन् २००७ मा एसएनभीको सोसल एक्सक्लुजन, इन्क्लुजन अध्ययन परियोजनाअन्तर्गत त्यहाँको जमुनियालगायत गाउँमा गुमस्ताहरूसँग साक्षात्कार गर्ने मौका पाएको थियो ।

दिनहरूमा क्रमशः बरघरको भूमिका बिस्तारै घटदै गईरहेको छ भने थारू गाउँ जोडिएका छेउछाउमा राखिएका प्रहरी चौकीमा अब सिधै मुद्दामामिलाहरू पुग्न थालेका छन् । थारूसमुदायमा पहिला पहिला सबैजसो मुद्दा बरघरकहाँ आउँथ्यो, अब त गाउँमा के समस्या छ, प्रहरी चौकीले फोन गरेर यहाँ मिलाउन आइदिनु पर्‍यो भनेपछि पो थाहा हुने अवस्थामा पुगेको छ । यसरी बरघरले मिलाउन सक्ने स-साना मुद्दाहरू सिधै प्रहरी समक्ष पुग्दा प्रहरीले पीडक, पीडित दुबैले अनावश्यक झन्चट व्यहोर्नुपर्ने र अनुचितरूपमा आर्थिक हानी समेत हुने गरेको सुन्नमा आएको छ ।[६] तथापी अझसम्म पनि फौजदारी विवाद बाहेक विभिन्न विवादहरूको छिनोफानो बरघरले गर्ने गरेको पाईन्छ । अर्कोतिर  कुलो, नहर पक्की हुँदै गएपछि सिँचाइप्रणालीको दौडधुपमा बरघरको व्यस्तता घट्न थालेको छ । पहिले झराली (स्वयम्सेवी) मार्फत् हुने कुलो सरसफाईको काम हाल आएर ठेकदारको हातबाट हुन थालेका छन् । यस्तै उदाहरणको रूपमा बि.सं.२०८१ माघ ५ गते दाङ, लमही-६, लंगडी गाउँको बरघर चुन्ने बैठकमा अगुवा बन्न कोही अघि सरेनन् । कान्तु चौधरी ८औं पटक अगुवा बन्नु पर्‍यो । उता, कुलोको ठेक्का हात पार्न ९ जना अघि सरे । सबैभन्दा कम बोलकबोल गर्ने सुवास चौधरीले ठेक्का हात पारे । यसरी ठेक्कामा कुलोपानीको व्यवस्थापन सरेपछि बरघरको महत्त्व घटदै गैरहेको छ ।

थारू गाउँका बरघरले गुरुवाको निर्देशनमा गराउने विभिन्न पूजापाठमार्फत् गाउँलेलाई एकसुत्रमा बाँध्छ । तर हाल अगुवा बरघरहरूले आफूहरूमार्फत् हुने थारू गाउँको पूजाआजाको व्यवस्थापन सङ्कटमा पर्दै गैरहेको छ । हाल समुदायले बिस्तारै धर्म मान्न छोड्ने, अन्य धर्म अबलम्बन गर्ने, पूजापाठको लागि रकम पनि दिन छोड्ने, पूजापाठको कार्यक्रममा सहभागी नहुनेहरूको जमात थारूसमुदायमा बढ्दै गइरहेको छ । जस्को कारण सतहिरूपमा हेर्दा पूजापाठ गर्ने कार्य सङ्कटमा पर्दै गएको देखिए पनि समग्रमा यस्ले थारू समुदायको बरघर प्रणाली नै सङ्कटमा पर्दै गएको सङ्केतको रूपमा लिन सकिन्छ ।[७] यसरी हेर्दा हालका दिनहरूमा बरघरलाई काम गर्न त्यति सहज भने पक्कै छैन । तर, प्रतिकूल परिस्थितिका बीच बरघरले समुदायमा सुधारका काम पनि गर्दै आएको पाईन्छ । मान्छेमा रोग र बालीनालीमा कीरा लाग्न नदिन, भूत मन्साउन थारू समुदायको देउस्थानमा सुँगुर, बोका, पाठा, चल्ला, रक्सी आदि चढाउने प्रचलन छ । तर बर्दिया, बाँसगढी नगरपालिकाअन्तर्गत लक्ष्मणपुर गाउँका तात्कालीन बरघर रतिराम चौधरीले तीन दशक अघि नै त्यो चलन हटाएर मासुको सट्टा मिठाई र रक्सीको सट्टा ल्वाँङ पानी चलाउने थिति बाँधेका छन् (सर्वहारी, २०७९: २०) । त्यस्तै दाङ, लमही नपा-२,सिरगाँवामा गाउँको मरुवा डिउहार थानको पूजा पनि गत वर्षदेखि ठेकदारले नै गर्न थालेका छन् । त्यहाँका अगुवा ओमप्रकाश चौधरीका अनुसार पूजा गर्न दुई समूह बनाइएको तर एउटा समूहले सुंगुर नपुजेर पूजा सम्पन्न गरेकाले त्यस्लाई ठेक्कामा लगाउनु परेको उदाहरण पनि छ । ।[८] यसरी थारू समुदायमा हुने पूजाआजासमेत ठेक्कामा हुन थालेपछि बरघर प्रणाली बिस्तारै ओरालो दिशामा गइरहेको प्रतीत हुन्छ ।

## ५. बरघरमा समावेशीताको खोजी

हालका दिनहरूमा पनि थरुहट क्षेत्रका रहेका स्थानीय तहमा रहेका जनप्रतिनिधिहरूले बरघरको सहयोग बिना

---

६ कमल नारायण चौधरी, दाङ, लमही-५, लमही सँगको कुराकानीमा अधारित (२०८१ पुस ७) ।

७ दाङ, लमहीस्थित थारू साहित्य तथा संस्कृति प्रतिष्ठानको आयोजनामा बाँके, राप्ती सोनारी-४ स्थित वडा कार्यालयको सभाकक्षमा पुस १७ गते भएको 'बरघर, ककनदारबाट के सिक्ने' विषयक् अन्तक्रिया कार्यक्रममा राप्ती सोनारीका पूर्व पालिका अध्यक्ष लाहुराम चौधरीको भनाइमा अधारित ।

८ अगुवा ओमप्रकाश चौधरीबाट २०८१ माघ ८ गते गाउँको भेलामा व्यक्त विचार ।

विकासको कार्यक्रमहरू अगाडि बढाउन त्यति सजिलो अवस्था छैन । यस्तो महत्त्वपूर्ण बरघरमा घरमुलकिो सहभागिता हुने र थारू समुदायमा घरमुली प्रायः पुरुष नै हुने हुनाले गाउँको अगुवाई गर्ने काममा महिला प्राथमिकतामा पर्न सकेको देखिँदैन । बरघर प्रणालीमा महिला र युवावर्गको सहभागिता अत्यन्त न्यून रहेको देखिन्छ । बरघरमा समावेशिकरणका लागि थारू आयोगले लागि थारू परम्परागत प्रथाको बारेमा २०८०/२०८१ मा एक अध्ययन कार्य सम्पन्न गरेको थियो । सो अध्ययनमा पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म विभिन्न जिल्लाका करिब १८ स्थानमा समूह छलफल गरेकोमा केवल कञ्चनपुर जिल्लामा गरिएको छलफलमा दुईजना महिला बरघर सहभागी थिए । त्यस्तै दाङदेउखुरी, लमहीस्थित थारू साहित्य संस्कृति प्रतिष्ठानले 'थारू बरघर प्रणालीमा महिला र युवा सहभागितामा जोड' दिँदै तीन जिल्लाको तीन वटा स्थानीय तहमा नौ महिने परियोजना सुरु गरेकोमा[९] दाङको लमही नगरपालिकामा कुल ६० बरघर रहेकोमा मात्र एकजना महिला मूल बरघर रहेको पाईएको छ । त्यस्तै बाँकेको राप्तीसोनारी गाउँपालिकामा कुल ७८ बरघरमा तीन जना महिला बरघर छन् भने, बर्दियाको बारबर्दिया नगरपालिकामा कुल १०४ बरघरमा केवल ६ जना महिला बरघर रहेका छन् ।[१०]

बरघरमा महिलाको भूमिकाको बारेमा केहि उदाहरण हेर्दा बि.सं.२०८० सालमा बर्दियाको बाँसगढी नगरपालिका क्षेत्रभरी केवल सोमती थारू एक मात्र बरघर रहेको पाईन्छ । ४ नं वडा बठ्वाताल गाउँकी उनी विगत दुई दशकदेखि लगातार गाउँको बरघर छिन् । उनका अनुसार  बरघर बन्न महिला आफै नमान्ने, गाउँको पूजा गराउन, संस्कार चलाउन झ्याउ मान्ने कारण पनि महिलाको सहभागितामा कमि आएको देखिन्छ । ४५० घरधुरी रहेको बठ्वातालमा चौकीदारको व्यवस्था नभएको कारण गाउँलेलाई केही खबर गर्नु परेमा उनी आफैं साइकल कुदाएर टोल टोलमा पुग्छिन् (सर्वहारी, सीआइजेः २०८१) । बर्दियाको बारबर्दिया नगरपालिका-१० शोभानगर गाउँकी बरघर आशारानी चौधरीको एक वर्षे अनुभवका अनुसार शोभानगर कमैया मुक्ति आन्दोलनपछि बसेको नयाँ गाउँ हो, त्यसैले, यहाँ सबैको ३ देखि ५ कट्ठा मात्र जग्गा छ । मजदुरी नगरी खान पुग्दैन । त्यसैले, कामको हर्जा हुन्छ भनेर कोही बरघर बन्न मन गर्दैनन् । आफू बरघर भएपछि सीतारानीको अनुभव पनि त्यस्तै रह्यो । तर गाउँलेले आगामी वर्ष पुनः जिम्मेवारी दिएमा बरघर बन्न तयार रहेको सुनाइन् । उनको सुझाव छ, 'सुरुको एक वर्ष त सिक्नै लाग्ने रहेछ । त्यसैले, बरघरको अवधि केही वर्षलाई लम्ब्याएको राम्रो भन्ने उनको भनाई रहेको पाईन्छ ।'[११] उता बर्दियाको बारबर्दिया नगरपालिका-१० र ११ वडाको लम्कीफाँटामा २५ टोल बरघर छन् । जसमा १४ जना महिला टोल बरघर छन् । कमैया मुक्ति आन्दोलनपछि बसेको नयाँ गाउँ भएकाले पुरुषहरू कामको लागि बाहिर हुँदा यहाँ महिला घरधनि छन् । त्यसैले, बरघरको जिम्मेवारी उनीहरूको काँधमा आइपरेको छ । बर्दियाको बारबर्दिया नगरपालिका-१०, विजयनगर गाउँकी बरघर मीना डंगौरा आफ्नो एक वर्षे बरघर अनुभव तीतो रहेको बताउँछिन् । गाउँमा सडक बत्ती बालिएको छ । त्यसको रकम तिर्न प्रतिघर आधा किलो धान उठाऊँ न त भन्दा गाउँलेहरू राजी भएका छैनन् । गाउँ सञ्चालनार्थ आम्दानीको श्रोत जुटाउन नसक्दा आफ्नो टाउको दुःखाइ रहेको उनको भनाई छ ।

बरघर थारू समुदायको परम्परागत सङ्गठन भए पनि गैरथारू पनि यसमा समाहित हुँदै गएका छन् । बर्दियाको

९ यो कार्यक्रम यूएसआइडीको सहयोग तथा द एशिया फाउन्डेसनको सहकार्यमा सञ्चालन गरिएको थारू साहित्य संस्कृति प्रतिष्ठानका अध्यक्ष छविलाल कोपिलाले बताए ।

१० परियोजनाकी फिल्ड अधिकृत विमला चौधरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार ।

११ बरघर आशारानी चौधरीसँग उनकै घर बारबर्दिया नगरपालिका-१० शोभानगरमा २०८१ मंसिर ११ गते गरिएको व्यक्तिगत कुराकानीमा आधारित ।

बारबर्दिया नगरपालिका–१०, फच्कह्वा टोलको बरघर पूजा नेपाली रहेकी छिन् । उनलाई बरघर बन्न कत्ति मन थिएन । तर, बरघर बन्न कोही ईच्छुक नभएपछि चिट्ठा हाल्दा जिम्मेवारी उनकै काँधमा आइपर्यो । चिट्ठा हालेर जिम्मेवारी लिएपछि महिला होस् या पुरुष, कसैको नेतृत्व सवल नहुने उनको भनाई छ ।[१२] बरघर बन्नेहरू अनिच्छुक हुँदै गएको फच्कह्वा टोलको एक उदाहरण हो । उता लमही नपा–८, धनपुरुवाकी बरघर सीता चौधरी गत वर्ष चिट्ठा प्रणालीबाट बरघर भइन् । 'एक वर्ष कामको अनुभवले समाजसेवामा रस बसेको, गाउँलेले चाहेमा आगामी वर्ष पनि बरघर बन्ने चाहना रहेको' उनको भनाई छ ।[१३] लमही नपा–४, भैस्कोर्मा गाउँमा ५ वर्ष यता २ विगहा जग्गा भएको जग्गाधनी मात्र बरघर बन्न पाउने व्यवस्था गरिएको छ । यसले बरघर समावेशी बन्न कठिनाइ हुने देखिन्छ । सोही गाउँकी आशारामी चौधरी भन्छिन्, 'बरघरले बैठक डाकेमा धेरैले हाम्रो त खेती गर्ने जग्गै छैन, बरघरको भेलामा किन जाने ? भन्ने प्रश्न गर्छन् । यसले बरघरको बैठक पनि प्रभावित भइरहेको छ । त्यसैले, गाउँको जो कोही पनि बरघर बन्न पाउने व्यवस्था गर्नुपर्छ ।'[१४]

थारू समुदायको बाहुल्यता रहेको गाउँ/नगरपालिकाहरूमा कम्तीमा ३ दर्जन जति गाउँ समाहित हुन्छ, यस्तोमा पुरै पालिकाभरि अपवादको रूपमा दुइ चारजना महिला बरघर हुनु नहुनु बराबरझैं हो । न्यायकर्ता पुरुष हुँदा महिलाको 'फेबर'मा फैसला हुँदैन । माथि चर्चा गरिएका महिला बरघरको प्रसङ्गमा कमैया मुक्तिपछि बनेका नयाँ गाउँको नेतृत्वको हो । नयाँ बसेको बस्ती महिलालाई नेतृत्व दिन जति उदार छ, परम्परागत गाउँमा त्यस्तो भेटिदैन । बाँके, राप्ती सोनारी गाउँपालिका–५, टरवा गाउँका बरघर इटवारी थारू बरघर प्रणाली जोगाउन पुस्तान्तरणसँगै महिलाहरूलाई नेतृत्व दिन अपरिहार्य रहेको बताउँछन् ।

त्यस्तै ४० वर्ष मुनिका युवावर्गको पनि बरघर प्रणालीमा निकै कम सहभागिता देखिन्छ । दाङको दाङको लमही नगरपालिकामा कुल ६० बरघर रहेकोमा ४० वर्ष मुनिका जम्मा ४ जना मात्र युवा बरघर रहेको पाईन्छ ।[१५] बाँकेको राप्तीसोनारी गाउँपालिकामा कुल ७८ बरघरमा एकजना मात्र युवा बरघर रहेको पाईछ भने बर्दियाको बारबर्दिया नगरपालिकामा कुल १०४ बरघरमा ७ जना युवा बरघर रहेका छन् ।[१६] यसरी बरघरमा महिला र युवाको सहभागिता अत्यन्त न्यून रहेको र सहभागिता बढाउन समेत अत्यन्त चुनौति रहेको देखिन्छ ।

## ६. स्थानीय तहमा बरघर सम्बन्धी कानून निमार्णको थालनी

थारू समुदायमा रहेको परम्परागत संस्था बरघरको निरन्तरताका लागि थारू बाहुल्य रहेको स्थानीय तहहरूमा बरघर सम्बन्धी कानूनहरू धमाधम निर्माण हुने क्रममा रहेको देखिन्छ । बरघर ऐनलाई संस्थागत गर्ने सबैभन्दा

१२ बारबर्दिया नगरपालिका–१० फच्कह्वा गाउँमा २०८१ मंसिर ११ गते थारू साहित्य संस्कृति प्रतिष्ठानको आयोजनामा गरिएको बरघरमा समावेशी सवाल कार्यक्रममा टोल बरघर पूजा नेपालीले दिएको अभिव्यक्ति । बारबर्दिया नगरपालिका–१० अर्न्तगत लम्कीफाँटामा २५ टोल रहेकोमा १५ टोलका टोल बरघर महिला रहेका छन् । पुरुषहरू कमाउन बाहिर जाने भएकाले गाउँको अगुवाई महिलाहरूले गर्नुपर्ने बाध्यता रहेको छ । जिम्मेवारी लिन कोही अघि नसर्दा चिट्ठा हाल्नुपर्ने बाध्यता छ ।

१३ बरघर सीता चौधरीले २०८१ मंसिर १४ गते थारू साहित्य संस्कृति प्रतिष्ठानबाट आयोजित दाङको लमही नगरपालिकास्तरीय बरघर भेलामा व्यक्त विचार ।

१४ आशारामी चौधरीले २०८१ मंसिर २१ गते थारू साहित्य संस्कृति प्रतिष्ठानबाट बरघरमा महिला तथा युवाको सहभागितामा जोड परियोजनाको उक्वार भेट कार्यक्रममा व्यक्त विचार ।

१५ दाङको लमहीस्थित थारू साहित्य संस्कृति प्रतिष्ठानबाट संचालित बरघरमा महिला तथा युवाको सहभागितामा जोड परियोजनाको सर्भेमा आधारित ।

१६ परियोजनाकी फिल्ड अधिकृत विमला चौधरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार ।

पहिलो स्थानीय तहको रूपमा बर्दियाको बारबर्दिया नगरपालिका रहेको छ । (सर्वहारी, सीआइजेः २०८१) । अहिले लुम्बिनी र सुदूरपश्चिम प्रदेशको दुई दर्जन भन्दा बढी पालिकाहरूले बरघर सम्बन्धी ऐन पारित गरिसकेका छन् । तर, कार्यान्वयनका लागि नियमावली र आवश्यक कार्यविधिहरू बनाएर यसलाई प्रभावकारी कार्यान्वायन गरेको भने देखिँदैन । जस्को कारण थारू समुदाय र बरघरहरू असन्तुष्ट देखिन्छन् । स्थानीय तहमा ऐन पारित भएका सबैजसो पालिकाहरूले पालिकास्तरीय बरघर सञ्जाल गठन गरिसकेका छन् । बरघरहरूलाई पालिकाले कानूनी रूपमा मान्यता दिएको भएता पनि उनीहरूलाई आर्थिक सहयोग नगरेका कारण बरघरले संचालन गर्ने माघ महोत्सव, गाउँघरका विभिन्न पूजापाठहरू संचालन गर्न भने कठिनाई भएको पाईन्छ ।[१७]

अधिकांश स्थानीय तहले पारित गरेको बरघर सम्बन्धी ऐनमा नगर बरघर, वडा बरघर, गाउँ बरघर, सहायक बरघर, टोल बरघर, लिखनडार, अगह्वा, गुरुवा, केसौका, चिरक्या, चौकीदार, बेगारी, भरालीलगायत पदको व्यवस्था गरिएको पाईन्छ । ऐनमा व्यवस्था गरिएको बरघर मध्येमा नगर बरघर तथा वडा बरघरहरू नितान्त नयाँ अवधारणा हो भने अन्य बाँकी पदहरू र बरघरहरू परम्परागत अभ्यासमा आधारित पदहरू नै हुन् । ती बरघर मध्येमा नगर बरघर नगर परिषद्मा तथा वडा बरघर, वडाको बैठकमा भाग लिन पाउने स्थानीय कानूनी व्यवस्था रहेको भएता पनि बैठकमा सहभागी नगराइएको गुनासो समेत स्थानीय थारू समुदायको रहेको पाईन्छ ।[१८] बरघर सम्बन्धी स्थानीय कानूनले बरघरहरूलाई स्थानीय जनप्रतिनिधिलाई जस्तै अधिकार रहेको भएता पनि स्थानीय तहको जनप्रतिनिधिहरू सँगको समन्वयको अभावमा बरघरले प्रभाावकारी रुपमा कार्य गर्न सकेका छैनन् ।[१९]

## ७. उपसंहार

थारू समुदायको परम्परागत बरघर प्रणाली तिनीहरूको इतिहाससँग जोडिएको छ । महाभारतकालीन समयमै बरघर बारेको चर्चाले यसको प्राचीनता झल्काउँछ । गाउँको चौकीदार तथा गुरुवालाई धान सङ्कलन गरी तिहाई दिने तर बरघर स्वयम्सेवी हुने गरेको छ । बरघर प्रणालीमार्फत् हुने न्याय व्यवस्थापन, सिँचाइप्रणाली, पूजाआजा सङ्कटमा पर्दै गएको छ । थारू समुदायका व्यक्तिहरू क्रिश्चियन, जय गुरुदेवलगायत धर्म अँगाल्न थालेका छन् । यसले प्रत्येक थारू गाउँमा भएको डिउहार थान, मरुवामा गरिने थारू धर्म मानिने पूजाआजाको व्यवस्थापनमा चुनौती थपिएको बरघरहरूको बुझाइ छ । यसले समग्रमा बिस्तारै बरघर प्रणाली नै सङ्कटमा पर्ने सङ्केत देखिएको थारू अगुवाहरूको भनाइ छ । बरघर प्रणालीमा महिला तथा युवाको न्यून उपस्थितिले यी परम्परागत संस्था समयसापेक्षरूपमा अगाडि बढन सकेको छैन । थारू समुदायको नेतृत्व गर्ने प्रणालीको रूपमा रहेको बरघर आधुनिक समयमा पुस्तान्तरणमा चुनौतिहरू थपिएको छ । समय सापेक्षित रूपमा थारू समुदायको परम्परागत प्रथाजनित संस्था बरघर प्रणालीको संरक्षणका लागि नेतृत्वमा महिला तथा युवाहरूको पनि उत्तिकै सहभागिताको जरुरी छ । हाल लुम्बिनी तथा सुदूरपश्चिमका थरुहट क्षेत्रका विभिन्न पालिकाहरूबाट बरघर ऐन जारी गरिएको भएता पनि कार्यान्वयनलाई सहज पार्ने कार्यविधि नबन्दा कार्यान्वयनमा भने समस्या रहेको छ । हाल कुनै कुनै गाउँमा बरघरको लागि निर्वाचन नै गर्नुपर्ने सम्मको अवस्था समेत देखिएकोले यसले बरघरको महत्त्व जीवन्त बन्दै गएको देखाउँछ । तर, कतिपय  गाउँमा चिट्ठा हालेर बरघर चयन गर्दा नेतृत्व नाम मात्रको

१७ राप्ती सोनारी गाउँपालिका ५ नं वडा कार्यालय, कचनापुरमा २०८१ मंसिर १२ गते थारू साहित्य संस्कृति प्रतिष्ठानको आयोजनामा गरिएको बरघरमा समावेशी सवाल कार्यक्रममा पूर्व बरघर इतवारी थारूले दिएको अभिव्यक्ति ।

१८ यस बारेको विस्तृत रिपोर्ट हेर्नुहोस्ः https://cijnepal.org.np/barghar-system/

१९ राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष पौडेलले बाँके, अगैयास्थित आफ्नै कार्यकक्षमा मंसिर १२ गते व्यक्त अभिव्यक्ति ।

हुँदै गएको छ । थारूजातिको परम्परागत सङ्गठन बरघरको महत्त्वलाई संरक्षण गर्ने प्रमुख दायित्व थारू समुदाय स्वयम्को हो । थारू जातिको छाता सङ्गठन थारू कल्याणकारिणी सभाको नेतृत्व लगायतले यसको संरक्षणमा ध्यान दिनुपर्छ । साथै आदिवासी थारूहरूको परम्परागत सङ्गठन प्रणालीलाई जोगाउनु राज्यको पनि उत्तिकै दायित्व हो ।

## सन्दर्भ सामाग्री


गुनरत्ने, अर्जुन (२००६ ई.), थारू र राज्य: प्रजातन्त्र, राज्य निर्माण र जनजाति पहिचान, मधेश: समस्या र सम्भावना, वसन्त थापा र मोहन मैनाली, सं, पृ. ४२-५४, ललितपुर: सोसल साइन्स बहा ।

गौतम, टेकनाथ (२०४४), थारू जातिको इतिहास तथा संस्कृति (थारू पुराण) । दाङ:

चौधरी, महेश (२०६४), नेपालको तराई तथा यसका भूमिपुत्रहरू, दाङ: शान्ति चौधरी ।

जिल्ला विकास समिति, दाङ (२०७१), दाङ जिल्ला पार्श्वचित्र २०७१, दाङ: जिविस ।

थापा, धर्मराज (२०५०),चितवन दर्पण, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थारू, अशोक (२०६३), थारू लोक साहित्यमा इतिहास, कला र दर्शन, दाङ: परिवर्तनका सम्वाहकहरूको मञ्च नेपाल ।

थारू, फनि श्याम (२०६९), थारू लोक संस्कृति र चाडवाड, काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।

दहित, गोपाल (२०६२), थारू संस्कृतिको संक्षिप्त परिचय, ललितपुर: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

दिवस, तुलसी र प्रमोद प्रधान (सम्पा.) (२०६५), थारू लोकवार्ता तथा लोकजीवन, काठमाण्डौं: नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

ढकियाखबर (२०८१) सङ्कटमा छ बरघर प्रणालीमार्फत् हुने थारू गाउँको पूजाआजा, https://dhakiyakhabar.com/news/2025/01/04/2471. Acseed at 5 January 2025.

बराल, ईश्वर (२००४), "थारू जाति र तिनको संस्कृति",नेपाल सांस्कृतिक परिषद पत्रिका, १(१), बैशाख । काठमाडौं: नेपाल सांस्कृतिक परिषद ।

रेग्मी, ऋषिकेशवराज (२०३५), एक श्रोत: तीन धारा । ललितपुर: साझा प्रकाशन ।

सिंह मौन, प्रफुल्लकुमार (२०२५), थारू लोकगीत, विराटनगर: पूर्वाञ्चल पुस्तक भण्डार ।

शर्मा जनकलाल, कृष्णबम मल्ल (२०१४), राप्ती उपत्यका, काठमाडौं: नेपाल भारत मैत्री संघ ।

शर्मा दाहाल, दत्तात्रेय (२०६३), "थारू, दंगीशरण र सुकौरा : एक विवेचना",दंगीशरण थारू राजा सुकौरा महोत्सव स्मारिका, पृ.५-७ ।

सर्वहारी, कृष्णराज (२०८१), स्थानीय तहले गिजोल्न थालेको बरघर प्रणाली, https://cijnepal.org.np/barghar-system/Accessed at Nov. 29, 2024.

सर्वहारी, कृष्णराज (२०७९), थारू समुदायको परम्वरागत प्रणाली बरघर र यसबारेको ऐन, आदिवासी जनजाति अध्ययन, (अङ्क १), पृ. १३८-१६१ ।, मगर, रामबहादुर थापा (संयोजक सम्पादक मण्डल), ललितपुर: आदिवासी जनजाति आयोग ।

सर्वहारी, कृष्णराज (२०६८), थारू समुदायको प्रथाजनित कानून बरघर प्रणाली र यसको सान्दर्भिकता, आदिवासी जनजाति जर्नल, (अङ्क ४), पृ. १३८-१६१ । ललितपुर: आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ।


❑❑